मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा-२०८२**

तह: बी.एड./छैटौं सेमेस्टर

**विषय:** नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक लेखन (नेपा. ४६३)

रोल नं. ....................

**समूह 'क'** १०×१ = १०

सर्वोत्कृष्ट उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस्।

१. भाषा पाठ्यपुस्तकको बाह्य विशेषता अन्तर्गत कुन पर्दछ।

(क) भाषा (ख) पाठ्यवस्तु

(ग) शब्दभण्डार (घ) सुलभता

२. पाठ्यपुस्तकको पठनशीलता परीक्षणबाट कुन कुराको जानकारी लिन सकिन्छ ?

(क) विषयवस्तुको क्रमिकता (ख) पाठगत कठिनाइ

(ग) प्रस्तुतिगत उपयुक्तता (घ) सिकारुको स्तर

३. यस तह (नेपा. शि ४६३) को पाठ्यांश प्रकृति कस्तो रहेको छ ?

(क) प्रयोगात्मक (ख) सैद्धान्तिक

(ग) सैद्धान्तिक र प्रयोगात्मक दुबै (घ) व्यवहारिक

४. भाषा पाठ्यक्रम कुन कुरामा आधारित हुनुपर्दछ ?

(क) भाषिक विश्लेषण (ख) भाषिक सम्प्रेषण

(ग) भाषिक सम्पादन (घ) भाषिक वर्णन

५. भाषा पाठ्यपुस्तक पठनीयताका दृष्टिले कस्तो हुनु आवश्यक हुन्छ ?

(क) विषयगत विविधता (ख) शैलीमा नवीनता

(ग) जटिल र क्लिष्ट (घ) सरल र बोधगम्य

६. भाषा पाठ्यपुस्तक बाहेक अन्य विषयका पाठ्यपुस्तकको उद्देश्य कुन हो ?

(क) सम्बन्धित क्षेत्रका विषयवस्तुको ज्ञान गराउनु

(ख) भाषिक सिप हासिल गराउनु

(ग) साहित्यिक विषयवस्तु समावेश गर्नु

(घ) व्याकरणमा जोड दिनु

७. भाषा पाठ्यपुस्तकमा भएका त्रुटि निराकरणका लागि लेखकलाई सुझाव दिनुमा मुख्य भूमिका कसको रहन्छ ?

(क) प्रकाशक (ख) शिक्षक र विद्यार्थी

(ग) पाठ्यक्रम निर्माता (घ) सरकारी निकाय वा सम्बन्धित संस्था

८. प्रयोगात्मक मूल्याङ्कनका दृष्टिले पुराना भन्दा नयाँ भाषा पाठ्यपुस्तक किन उपयुक्त मानिन्छन् ?

(क) अभ्यासलाई समग्रमा राखिएकाले (ख) विधागत सन्तुलन भएकाले

(ग) वस्तुगत अभ्यास दिइएकाले (घ) सिपगत आधारमा अभ्यास राखिएकाले

९. तह र कक्षाको वृद्धिसँगै भाषा पाठ्यपुस्तकका पाठमा नयाँ शब्द कति प्रतिशत थप्नुपर्ने हुन्छ ?

(क) २० (ख) ४०

(ग) ३० (घ) ५०

१०. विद्यार्थीमा थोरै पढेर धेरै बुझ्ने विश्लेषणात्मक क्षमता विकासका लागि कस्तो पठन उपयुक्त मानिन्छ ?

(क) द्रुत पठन (ख) औसत पठन

(ग) सस्वर पठन (घ) उपयुक्त पठन

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा-२०८२**

तह: बी.एड./छैठौं सेमेस्टर — पूर्णाङ्क : ६०

समय: ३ घण्टा — उत्तीर्णाङ्क : ३०

**विषय:** नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक लेखन (नेपा. ४६३)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्ने छ।*

## समूह 'ख' ६×५=३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. भाषा पाठ्यक्रम निर्माणका सामान्य सिद्धान्तहरू उल्लेख गर्नुहोस्।

२. भाषा पाठ्यक्रमका प्रकारहरू उल्लेख गर्दै सामान्य र विशेष पाठ्यक्रमको परिचय दिनुहोस्।

३. भाषातत्व छनोटका सामान्य आधारहरू उल्लेख गर्नुहोस्।

**अथवा**

नयाँ पाठ्यपुस्तक निर्माणका आधारहरू के के छन्? स्पष्ट पार्नुहोस्।

४. पाठ्यवस्तु पठनमा हुने व्यवधान क़ा बारेमा चर्चा गर्नुहोस।

५. पुस्तक, पाठ्यपुस्तक र सन्दर्भ पुस्तकको परिचय दिनुहोस्।

६. भाषा पाठ्यपुस्तक लेखनमा पठनका प्रकार र यसको प्रयोग पक्षको उल्लेख गर्नुहोस्।

**अथवा**

भाषा पाठ्यपुस्तक लेखन,निर्माण र सम्पादनमा लेखक र पाठ्यक्रम निर्माताको भूमिका कस्तो रहन्छ? प्रष्ट पार्नुहोस्।

## समूह 'ग' २×१०= २०

**तलका प्रश्नहरुको लामो उत्तर लेख्नुहोस्।**

७. भाषा पाठ्यपुस्तक लेखन, निर्माण र सम्पादनमा ध्यान दिनुपर्ने प्राज्ञिक र भौतिक पक्ष के के हुन्? सविस्तार चर्चा गर्नुहोस्।

८. भाषा पाठ्यक्रम निर्माणको स्वरुप र यसको चरणगत प्रक्रिया उल्लेख गर्नुहोस्।

**अथवा**

भाषा पाठ्यक्रमका संरचनात्मक घटकहरू उल्लेख गर्दै साधारण र विशिष्ट उद्देश्यका आधारमा स्नातक तह (नेपां.शि ४६३) को विश्लेषण गर्नुहोस्।

**समाप्त**